# २०८० सालको नगर कार्यपालिका बैठक

आज मिति २०८०/०७/२४ गते यस राजपुर नगरपालिका, राजपुर, रौतहटका नगर प्रमुख श्री डा.मो.राजीक आलम ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित पदाधिकारीहरु तथा सरोकारवालाहरु समेतको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय समेत गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री डा.मो. राजीक आलम | नगर प्रमुख | राजपुर नगरपालिका, राजपुर, रौतहट |
| श्री जमिला असगरी | उप प्रमुख | राजपुर नगरपालिका, राजपुर, रौतहट |
| श्री शेख अमिरुल्लाह | १ नं वडा अध्यक्ष | राजपुर नगरपालिका, राजपुर, रौतहट |
| श्री सोनालाल पंडित | २ नं. वडा अध्यक्ष | राजपुर नगरपालिका, राजपुर, रौतहट |
| श्री शेख हसिन अख्तर | ३ नं. वडा अध्यक्ष | राजपुर नगरपालिका, राजपुर, रौतहट |
| श्री शेख अन्सारुल हक | ४ नं. वडा अध्यक्ष | राजपुर नगरपालिका, राजपुर, रौतहट |
| श्री कृष्णनन्दन राम | ५ नं. वडा अध्यक्ष | राजपुर नगरपालिका, राजपुर, रौतहट |
| श्री रहिमा खातुन | ६ नं. वडा का.वा. अध्यक्ष | राजपुर नगरपालिका, राजपुर, रौतहट |
| श्री इन्ताज हुसेन | ७ नं. वडा अध्यक्ष | राजपुर नगरपालिका, राजपुर, रौतहट |
| श्री शेख सोयव | ८ नं. वडा अध्यक्ष | राजपुर नगरपालिका, राजपुर, रौतहट |
| श्री शे. नसरुल | ९ नं. वडा अध्यक्ष | राजपुर नगरपालिका, राजपुर, रौतहट |
| श्री शिउ साह कानु | कार्यपालिका सदस्य वडा नं. ५ | |
| श्री शिव बैठा धोवी | कार्यपालिका सदस्य वडा नं. ९ | |
| श्री मनोज कुमार | कार्यपालिका सदस्य वडा नं. ५ | |
| श्री रामकली देवी | कार्यपालिका सदस्य वडा नं. ५ | |
| श्री सरस्वती देवी | कार्यपालिका सदस्य वडा नं. १ | |
| श्री शान्ति देवी चमईन | कार्यपालिका सदस्य वडा नं. २ | |
| श्री सुमारी देवी | कार्यपालिकासदस्य वडा नं. २ | |
| श्री सदरुन नेसा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| श्री मुन्ना साह रौनियार | प्रमुख प्रशासकीय अधिकृत | राजपुर नगरपालिका, राजपुर, रौतहट |

CamScanner

आमन्त्रित

श्री बैजु ठाकुरः-  अधिकृत छैठौ, राजपुर नगरपालिका

श्री खुर्सिद अहमदः- सर्म्पक व्यक्ति सि.अ.हे.व. राजपुर नगरपालिका

श्री मो. कहफुल वाराः- जनस्वास्थ्य अधिकृत राजपुर नगरपालिका

श्री मो अजहर आलमः- विज्ञ

श्री ईन्जिनियर मो. साजिद आलमः- राजपुर नगरपालिका

श्री काशि पेखरेल :– UNFPA

श्री रोशन अधिकारी UNFPA

श्री मनिश ठाकुरः– LIFE NEPAL

निर्णयहरु

१. यस राजपुर नगरपालिका, राजपुर, रौतहटको लागी गठित मस्यौदा समितीद्धारा तयार गरिएका स्वास्थ्य निति २०८० मस्यौदा समितिका संयोजक श्री सोनेलाल पंडितद्धारा भएको प्रस्तुतिकरण माथी छलफल गरियो ।

२. यस राजपुर नगरपालिकाका लागी मस्यौदा स्वास्थ्य निति २०८० स्वीकृत गर्न निर्णय गरियो ।

CamScanner

# राजपुर नगरपालिका

## रौतहट

# स्वास्थ्य नीति ,२०८०

**नगरकार्यपालिकाबाट स्वीकृत मिति : २०८० /कार्तिक /२४ गते**

# १. पृष्ठभूमि

नेपालको संविधानले नागरिकको मौलिक हकका रूपमा निःशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्योपचारका सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको छ । संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लिपिबद्ध स्वास्थ्यसम्बन्धी स्थानीय तहका काम, कर्तव्य र अधिकार, राष्ट्रिय स्वास्थ्य नीति २०७६, , स्वास्थ्यसँग सम्बन्धित नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले गरेका अन्तराष्ट्रिय प्रतिबद्धताहरू एवम् नगरपालिका भित्रका स्वास्थ्य क्षेत्रका समस्या र चुनौतीहरू,आवश्यकता र प्राथमिकताहरू, उपलब्ध स्रोतसाधन र अवस्थालाई समेत आधार बनाई नगरपालिकाको स्वास्थ्य प्रणाली विकास, विस्तार र सुधार गर्न राजपुर नगरपालिकाले स्वास्थ्य नीति २०८० तर्जुमा गरी जारी गरेको छ ।

# २. नीतिगत सन्दर्भ

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भइसकेपश्चात् आधारभूत स्वास्थ्य सेवा तथा सरसफाइ लगायत स्वास्थ्यसँग सम्बन्धित विभिन्न काम, कर्तव्य तथा अधिकार स्थानीय तहलाई रहेको छ । सिमित श्रोत साधनको उपलब्धताकै बीचमा नगरपालिकाले नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने अवस्था रहेको छ । राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले सङ्घीय संरचनाअनुसार स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य सेवालाई एकीकृत रूपमा विकास गर्ने, स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीच सहकारी र साझेदारी प्रबर्धन गर्नेलगायतका उद्देश्य र नीति लिएको छ । नेपालको संविधान, कानुन र नीतिअनुरूप स्वास्थ्य प्रणालीको विकास र विस्तारका लागि तीनओटै तहका सरकारबाट प्रयास भइरहेको छ तर त्यसअनुरूप गर्नुपर्ने थुप्रै कामहरू बाँकी छन् । नेपालको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू भएका छन् । यसकाका साथै नवीनतम स्वास्थ्य चुनौतीहरू पनि विद्यमान छन् । ती उपलब्धिलाई जोगाउदै जनस्वास्थ्यका नवीनतम चुनौतीको सामना गर्दै अबसरहरुको प्रयोग गर्नु सबै तहका सरकारहरूको दायित्व रहेको छ । स्थानीय सरकार गठन भइसकेपश्चात नगरपालिकाले नागरिकलाई सहज र सर्वसुलभ रूपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन नियमित स्वास्थ्य कार्यक्रमहरु गर्दै आइरहेको छ । नगरवासीको आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरूलाई प्रबर्धन गर्दै आगामी दिनहरूमा तथ्यमा आधारित योजना निर्माण गर्नका निमित्त समेत पालिकाको आफ्नै स्वास्थ्य नीति को आबस्यकता रहेको छ ।
वडासम्म स्वास्थ्य संरचनाको विस्तार तथा गुणस्तरीय सेवाप्रवाहका लागि सङ्घ तथ प्रदेशसँग सहकार्य भइरहेको छ । नगरपालिकाले विशेष गरी सेवाबाट वञ्चितीकरणमा परेका गरिब, लक्षित उमेर समूहका, शारीरिक तथा मानसिक रूपमा अशक्त नागरिकहरूमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्दै आएको छ तापनि सेवाको पहुँचमा असमानता विद्यमान छ । नगरपालिकाको समग्र आबधिक योजना तयारी को प्रकृया र प्रत्येक बर्षको मध्यकालिन खर्चको खाका अनुसार बिषयगत नीति बिश्लेषण समेत गर्नुपर्ने भएकोले समेत स्वास्थ्य नीतिको अपरिहार्यता बोध गरिएको हो।

# ३. विद्यमान स्थितिः

रास्ट्रीय जनसंख्या तथा घरधुरी सर्बेक्षण २०७८ अनुसार राजपुर नगरपालिकाको जम्मा जनसंख्या ५४०८३ रहेको छ / जसमध्य महिलाको जनसंख्या २७५०९ र पुरुषको जनसंख्या २६५७४ छ / जम्मा जनसंख्या मध्ये ५ वर्ष मुनिको जनसंख्या ७८४९ रहेको छ , किशोर किशोरी को संख्या १३२१९ , १५ देखि ४९ बर्षका महिलाको संख्या १२८४८ , ६० बर्ष भन्दा माथिको जनसंख्या ३८८९ र ७० बर्ष देखि माथिको जनसंख्या १७४५ / लिङ्ग अनुपात ९६.६० ( १०० महिला बराबर ९६.६० पुरुष ) छ / यसैगरी ६८.५३ प्रतिशत पुरुषहरुले २० वर्ष भन्दा पहिले र ९२ प्रतिसत महिलाले २० वर्ष भन्दा पहिले बिहे गरेको पाइन्छ / राजपुर नगरपालिकाको जम्मा १.२ प्रतिशत असक्त जनसंख्या मध्ये महिला १ प्रतिसत र पुरुष १.४ प्रतिशत रहेका छन / जनघनत्व १७२२ र जम्मा घरधुरी संख्या ८०७८ रहेको छ /

नगरपालिकाले १ प्राथमिक स्वास्थ्य केन्द्र , ४ वटा स्वास्थ्य चौकी , ४ आधारभूत स्वास्थ्य सेवाकेन्द्र , २ प्रसुति केन्द्र, १९ नगरघर क्लिनिक, २५ .खोप क्लिनिक, ४५ जना महिला स्वास्थ्य स्वयम् सेविकाहरूद्वारा नियमित रूपमा स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ् । यसैगरी राजपुर नगरपालिकाले राजपुर प्राथमिक स्वास्थ्य केन्द्र मार्फत प्रयोग शालाको सेवा ,मेडिकल गर्भपतन सेवा का साथै ५ वटै परिवार नियोजन साधन सेवा सुचारू भईरहेको छ / केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई प्रादेशिक र राष्ट्रिय सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| क्रम संख्या | सुचकहरु | नेपाल | मधेश प्रदेश | राजपुर नगरपालिका Source: DHIS2 | | | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९ /८० | |
| १ | मातृ मृत्यू अनुपात | १५१ NPHC-२०२१ | १४० NPHC-२०२१ | १- जना | ० | ० | ७० |
| २. | दक्ष प्रसुतीकर्मिबाट गरिएको प्रसुती – प्रतिशत | ८०.१ NDHS २०२२ | ६६.६- DHIS२ २०७९ /८० | १२५.३ | ७४.५ | ६९.६ | ९० |
| ३. | संस्थागत सुत्केरी प्रसुती प्रतिशत | ८३.५ NDHS २०२२ | ६४.८ DHIS२ २०७९ /८० | १२७ | ७४.५ | ६९.६ | ९० |
| ४ | प्रोटोकल अनुसार पूर्व प्रसुती जाचको प्रतिशत | ८१ NDHS २०२२ | ७१.६ DHIS२ २०७९ /८० | ५१.९ | २९.९ | ४२ | ९० |
| ५. | सुत्केरी भएको २४ घण्टा भित्र सुत्केरी जाच गर्ने महिला को प्रतिशत | | ५६.३ DHIS२ २०७९ /८० | ९९.८ | ७४.५ | ५.३ | ९० |
| ६ | प्रोटोकल अनुसार ३ उत्तर प्रशुती जाचको प्रतिशत | ४०.८ २०२१/२२ बार्षिक प्रतिबेदन | ३०.३ DHIS२ २०७९ /८० | ६४.४ | ७२.४ | ५.३ | ९० |
| ७ | प्रोटोकल अनुसार ४ उत्तर प्रशुती जाच प्रतिशत | | १८.९ DHIS२ २०७९ /८० | | | ५.३ | |
| ८ | २० वर्ष भन्दा मुनिको संस्थागत सुत्केरी प्रतिशत | १० NDHS २०२२ | १४.१ DHIS२ २०७९ /८० | | | १४ | |
| ९ | परिवार नियोजन प्रयोग दर - | ४३ NDHS २०२२ | ४६ २०२१/२२ बार्षिक प्रतिबेदन | | | ५ | ६० |
| १० | आधुनिक परिवार नियोजन साधन प्रयोग दर – १५ -४९ उमेरसमूहका महिला –नयाँ | | ७ DHIS२ २०७९ /८० ( १५ -४९ उमेर समूह नया ) | ४.८ | ४.६ | ५.९ | |
| ११ | प्रजनन दर / प्रति महिला १५ देखि ४९ उमेर समूह | २.१ NDHS २०२२ | २.७ NDHS २०२२ | | | | २ |
| १२ | प्रजनन दर किशोरी -प्रति हजार १५ देखि १९ | ७१ NDHS २०२२ | ११७ NDHS २०२२ | | | | ३० |
| १३ | अन्मेट नीड परिवार नियोजन साधन | २०.८ NDHS २०२२ | २१.१ NDHS २०२२ | | | | २१ |
| १४ | मेट निड परिवार नियोजन साधन | ५४.७ NDHS २०२२ | ५७.८ NDHS २०२२ | | | | |
| १५ | गर्भपतन सेवा लिएका महिला संख्या | | ८२०३ DHIS२ २०७९ /८० | ० | ० | ० | |
| १६ | २० बर्ष मुनिका गर्भपतन सेवा लिएका महिला को अनुपात | | | ० | ० | ० | |
| १७ | गर्भपतन पश्चात लामो अबधि काम गर्ने पनि साधन अपनाउनेको अनुपात | | | ० | ० | ० | |
| १८ | गर्भपतन पश्चात लामो छोटो अबधी काम गर्ने पनि साधन अपनाउनेको अनुपात | | ६३.३ DHIS२ २०७९ /८० | ० | ० | ० | |
| १९ | शिशु मृत्यू दर प्रति हजार जीवित जन्ममा | ३३ NDHS २०२२ | ४३ NDHS २०२२ | ० | ० | ० | २२ |
| २० | नवजात शिशु मृत्यू दर | २१ NDHS २०२२ | २७ NDHS २०२२ | | | | |
| २१ | डी पी टी हेप बी ३ पाएका शिशुको प्रतिशत – ० - ११ उमेर समूह | ९५.२ २०२१/२२ बार्षिक प्रतिबेदन | ९३ २०२१/२२ बार्षिक | १२४.९ | ६८.९ | ८४.४ | >९५ |

| क्रम संख्या | सुचकहरु | नेपाल | मधेश प्रदेश | राजपुर नगरपालिका Source: DHIS2 | | | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | |
| २२ | पूर्ण खोप पाउने बालबालिका प्रतिशत | ९१.२ २०२१/२२ बार्षिक प्रतिबेदन | ९२.९ DHIS२ २०७९/८० | २७.१ | ५६.१ | ८७.७ | १०० |
| २३ | पूर्ण खोप प्रतिशत – १२-२३ महिनाका दादुरा रुबेला खोप प्राप्त बालबालिकाको प्रतिशत | ९२.८ २०२१/२२ बार्षिक | ८४.९ DHIS२ २०७९/८० | ३६.१ | ३८.९ | ८८.२ | |
| २४ | ड्रप आउट रेट डी पी टि १ / डी पी टि३ | ३..७ २०२१/२२ बार्षिक प्रतिबेदन | ३.३ DHIS२ २०७९/८० | १९.९ | २७.४ | ११.७ | <५ |
| २५ | झाडा पखाला को इन्सीडेनट रेट – ५ वर्ष मुनिका बाल बालिका | ३६५ २०२१/२२ बार्षिक प्रतिबेदन | १२९.९ DHIS२ २०७९/८० | १६९.८ | ११० | १६५.५ | |
| २६ | ओ आर एस र जिनक बाट उपचार पाएका ५ बर्ष मुनिका झाडा पखाला भएका बिरामी को प्रतिशत | ९४.५ २०२१/२२ बार्षिक प्रतिबेदन | ९४.२ DHIS२ २०७९/८० | ९१.१ | ९०.६ | ८५.४ | १०० |
| २७ | न्यूमोनियाको इन्सीडेनट रेट –ARI ५ बर्ष मुनिका बालबालिका | ३७ २०२१/२२ बार्षिक प्रतिबेदन | ८८.६ DHIS२ २०७९/८० | १४७ | ११८.३ | २८५.२ | |
| २८ | एन्टीबैटिक बाट उपचार गरिएका ५ बर्ष मुनिका न्यूमोनिया का बिरामी प्रतिशत | १०५.३ २०२१/२२ बार्षिक प्रतिबेदन | १२५.९ DHIS२ २०७९/८० | ३३१.६ | ४७२.१ | २५७.६ | १०० |
| २९ | ०-११ महिना उमेरसमूहका बृद्दी अनुगमनमा दर्ता भएका बाल बालिकाको प्रतिशत | १०४.१ २०२१/२२ बार्षिक प्रतिबेदन | १०५.४ DHIS२ २०७९/८० | १४३.९ | ६५ | २९ | १०० |
| ३० | १२- २३ महिना उमेरसमूहका बृद्दी अनुगमनमा दर्ता भएका बाल बालिकाको प्रतिशत | ७७.२ २०२१/२२ बार्षिक प्रतिबेदन | ७५.१ DHIS२ २०७९/८० | ८८ | ४६.२ | ३१.३ | १०० |
| ३१ | ०-२३ उमेरसमूहका बृद्दी अनुगमन मा दर्ता भएका बालबालिका प्रतिशत | | ९०.३ DHIS२ २०७९/८० | ११४.४ | ५५.८ | ३०.२ | १०० |
| ३२ | ०-२३ उमेरसमूहका बृद्दी अनुगमन मा दर्ता भएका बालबालिकाको औशत भेट | | ३.१ DHIS२ २०७९/८० | २.१ | २.२ | १.४ | |
| ३३ | ०-२३ उमेरसमूहका बृद्दी अनुगमन मा दर्ता भएका बालबालिका मध्ये कुपोषित नया | | ४.८ DHIS२ २०७९/८० | ४.३ | ३.१ | ५.६ | |
| ३४ | कम जन्म तौल भएका बालबालिकाको प्रतिशत | | ८.६ DHIS२ २०७९/८० | ५.२ | ११.४ | २.२ | |
| ३५ | क्षय रोगको केश नोटिफिकेशन रेट ( सबै प्रकारका क्षयरोग ) | १२९ २०२१/२२ बार्षिक प्रतिबेदन | १४६.६ DHIS२ २०७९/८० | १५०.३ | १५२ | १३५.७ | |
| ३६ | क्षय रोगको उपचार सफलता दर ( नया तथा दोहोरिएका) | ९१.५ २०२१/२२ बार्षिक प्रतिबेदन | ९३.५ DHIS२ २०७९/८० | ९८.९ | ९४.६ | १०० | |
| ३७ | कुष्ठ रोग पत्ता लागेको दर | | १५.१ DHIS२ २०७९/८० | १२ | ५.५ | ० | |
| ३८ | कुष्ठ रोगि संख्या प्रति दस हजारमा | | १.५ DHIS२ २०७९/८० | १.२ | ०.५५ | ० | |
| ३९ | आधारभूत खानेपानीको वितरण भएका घरधुरी प्रतिशत | ९७.५ | ९६ जनगणना २०७८ – हेन्ड पाइप र धारा | | | ९१.५ जनगणना २०७८ –हेन्ड पाइप र धारा | ९९ |
| ४० | बहिरंग सेवा लिएका मानसिक रोगी भएका बिरामी संख्या | | | ९१ | १०४ | ४३४ | |

| क्रम संख्या | सुचकहरु | नेपाल | मधेश प्रदेश | राजपुर नगरपालिका Source: DHIS2 | | | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | |
| ४१ | बहिरंग सेवा लिएका दम को रोग भएका बिरामी संख्या | | | ४६६ | ५२९ | ७२८ | |
| ४२ | बहिरंग सेवा लिएका मधुमेह रोग भएका बिरामी संख्या | | | ३८२ | ३२७ | ४५६ | |
| ४३ | उपचार सहुलियतको लागी सिफारिस भएका मुटु रोगी संख्या | | | | | ८ पालिका को बार्षिक प्रगति प्रस्तुतीकरण २०७९/८० | |
| ४४ | उपचार सहुलियतको लागी सिफारिस भएका क्यान्सर रोगी संख्या | | | | | १५ पालिका को बार्षिक प्रगति प्रस्तुतीकरण २०७९/८० | |

# ४. समस्या, चुनौती र अवसर

## ४.१ समस्याहरू

- नेपालको संविधानले प्रत्याभूत गरेअनुरूप नगरपालिकाभित्र स्वास्थ्य सेवामा समतामूलक, सर्वसुलभ पहुँच समान किसिमले पुग्न सकेको छैन ।
- संघीय सरकारले निर्देशन गरेको १५ शैयाको अस्पताल निमार्ण कार्य सम्पन्न हुन बाकी रहेको ।
- किशोर किशोरी तथा आम नागरिकहरुमा यौन तथा प्रजनन स्वास्थ्य अधिकारको जानकारी तथा प्रयोग मा कमी
- नगरपालिका भित्र आबद्ध नभएका फार्मेशी तथा क्लिनिकहरुको नियमन हुन सकेको छैन
- मानिसहरुको अव्यवस्थित जिवनशैली र अस्वस्थकर खानपानका कारण नसर्ने रोगहरू संख्या बिध्यमान छ र जनस्वास्थ्यका नयाँ जटिलताहरू वढ्दै जाने लगायतका समस्या विद्यमान छन् ।
- यस नगरपालिका कुपोषण मुक्त नभैसकेको अवस्था छ ।
- दुर्घटना तथा विपदको जोखिम रहेको छ ।
- किशोर किशोरी मैत्री सेवाको पहुँच सबै स्वास्थ्य संस्थामा पुगेको छैन ।
- किशोरीहरुको लागी आइरन फोलिक एसिड बितरण कार्यक्रम व्यवस्थित भएको छैन ।
- समय समयमा आइरहने स्वास्थ्य सम्बन्धि महामारी तथा सरुवारोगको प्रकोप विद्यमान छ ।
- बाल विवाहको समस्या विद्यमान रहेको ।
- फोहोर मैला तथा दिशाजन्य फोहरको उचित व्यवस्थापन, ढलनिकासा, सुरक्षित पिउने पानीको उचित व्यवस्थापन पुर्ण रुपमा नभएको ।
- चुरोट, रक्सी तथा लागु औषध दुर्व्यशन नियन्त्रणमा ल्याउन नसकेको ।
- यौनजन्य रोग तथा एच आई.भि.⁄एड्स रहेको छ ।
- नगरपालिकाका स्वास्थ्य संस्थाहरूमास्वास्थ्य जनशक्तिहरूका लागि समयानुकूल समुचित र उत्साहप्रद रूपमा काम गर्ने वातावरण सिर्जना गर्न थप पहल गर्नुपर्ने देखिन्छ ।
- सुरक्षित मातृत्वको सेवा ( नियमानुसार गर्भवती जाँच, सुत्केरी सेवा तथा उत्तर प्रसुति) लक्ष्य अनुसार प्राप्त हुन सकेको छैन ।
- परिवार नियोजनका नियमित सेवाग्राहीहरुको संख्या अत्यन्त कमि रहेको छ । सेवाको आवश्यकता भएका दम्पतिहरुलाइ सेवाको पहुँचमा ल्याउन सकिएको छैन ।
- नगरपालिकामा नसर्ने खालका रोगहरू जस्तैः क्यान्सर, मुटु, मिर्गौला, मधुमेह, श्वास प्रश्वास संबन्धि रोग, दाँतको रोग, मानसिक रोगहरु समेत रहेको अवस्था छ ।
- नगरपालिकाभित्र रहेका गरिब, असहाय र सेवाको पहुँचबाट टाढा रहेका नागरिकहरूका लागि स्वास्थ्य उपचार महँगो पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महँगो भई सरकारले उपलब्ध गराउने बिपन्न सहुलियतले पनि नपुग भई परिवार नै गम्भीर आर्थिक जोखिममा परी गरिबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकी घरैमा मृत्युवरण गर्नुपरेको अवस्था पनि रहेको छ ।

- नगरपालिकाका नागरिकहरूमा गरिबी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जसका कारण झाडापखाला, मलेरिया, डेँगु तथा कमलपित्त लगायत सरुवा रोगहरुको महामारी फैलिने जोखिम रहेको छ ।
- स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार चिकित्सकीय सेवाहरु उपलब्ध हुन नसक्नुको कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्यजस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन सकेको छैन । यस नगरपालिकामा हाल दुइटा स्वास्थ्य संस्थामा मात्र प्रसुति केन्द्र रहेकोले संस्थागत सुत्केरीमा कमी रहेको छ । अन्यत्र प्रसुति केन्द्रमा सुत्केरी भएतापनि अभिलेखिकरणको समस्या रहेको छ । बाल बिवाहका कारण किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ ।
- नगरपालिका जडीबुटी एवम् आयुर्वेदिक उपचार पद्धतिको उपयुक्त व्यवस्थापन र सदुपयोग पनि हुन सकेको छैन ।
- नगरपालिकामा सर्पदंशको जोखीम रहेको छ भने मानिसहरुमा नैराश्यता तथा मानसिक समस्याले पछिल्लो समय आत्महत्या को घटना समेत हुने गरेको पाइन्छ।
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य उपचारको पहुँचमा थप बृद्धि गर्नपर्ने अबस्था रहेको छ ।
- किशोरकिशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्यका समस्या समयमै पहिचान गर्न नसकिएको, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रबर्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग, नागरिकले पाएका स्वास्थ्य सेवा र ऐन, नियम कार्यान्वयनका सम्बन्धमा नियमित र प्रभावकारी अनुगमन को बिधी पूर्णरुपमा संसथागत हुन सकेकको छैन। ।
- स्वास्थ्य क्षेत्रमा सुशासनका औजारहरू (पारदर्शिता, सामाजिक परिचालन, नागरिक बडापत्र, सार्बजनिक सुनुवाइ र नागरिकका गुनासाहरू सुन्ने तौर तरिका) को उचित व्यवस्थापन र समुचित प्रयोग को अबस्थालाइ सुधार गर्नुपर्ने देखिन्छ।

## ४.२ चुनौतीहरू

- श्रोत र साधनको सीमितताका कारण आधारभूत स्वास्थ्य सम्बन्धी अधिकारको समुचित व्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको विस्तार र विकास गरी पहुँच वृद्धि गर्न तथा मातृ र बालमृत्युदर घटाउने कार्य र यसको निरन्तरता नगरपालिका परिवेशमा चुनौतीपूर्ण रहेको छ ।
- २० बर्ष भन्दा कम उमेरमा हुने बिबाह , गर्भधारण तथा सुत्केरी हुने अबस्थाको अन्त्य गर्नु चुनौतीपूर्ण रहेको छ ।
- नागरिकहरूमा परम्परागत अन्ध बिस्वास अझैसम्म रहेकोले गर्दा आधुनिक चिकित्सा पद्धतिप्रति विश्वास जगाउनुपर्ने चुनौती छ ।
- प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधी उपकरण पुर्‍याउन र सेवाको पहुँच कम भएका क्षेत्रमा बसोवास गर्ने नागरिकलाई तोकिएको समयमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नुपर्ने चुनौती छ ।
- शिक्षा र चेतनाको स्तरमा कमीको कारणले आधारभूत स्वास्थ्य सेवाको समुचित व्यवस्था गर्न चुनौतीपूर्ण अवस्था सिर्जना भएको छ ।
- नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि वेला हुन सक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, ज्येष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, किशोर किशोरी खासगरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँचयोग्य बनाउने चुनौती विद्यमान छ

## ४.३ अवसरहरू

- संविधानले सङ्घीय शासन प्रणालीमा आधारभूत स्वास्थ्य तथा सरसफाइ लगायत स्वास्थ्यसम्बन्धी विभिन्न अधिकार स्थानीय तहमा राखेको तथा आफ्नो अधिकार क्षेत्रका विषयमा नीति, कानुन, योजना तर्जुमा र कार्यान्वयको समेत अधिकार रहेको सन्दर्भमा स्थानीय, आवश्यकता र चुनौतीलाई सम्बोधन गर्ने गरी स्वास्थ्यसम्बन्धी योजना तर्जुमा, कार्यान्वयन गर्ने अवसर प्राप्त भएको छ ।
- नगरपालिका भित्रका सामाजिक, सांस्कृतिक तथा भौगोलिक विशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

- नगरपालिकामा स्वास्थ्य सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने ।
- सबै वडामा भएका स्वास्थ्य संरचनाहरुलाई लक्षित समुदाय मैत्री बनाइ आधारभूत स्वास्थ्य सेवाको पहुँच बृद्दी गर्न सकिने ।
- स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा वृद्धि, एकीकृत सूचना प्रणालीलाई सुदृढीकरण गर्ने ।

# ५. निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरू

## ५.१ निर्देशक सिद्धान्त

- आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार
- समतामूलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा
- सार्वजनिक निजी साझेदारी
- वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण, प्रबर्धन
- समानता र जवाफदेहिता, नागरिकको सहभागिता
- बहुक्षेत्रीय समन्वय र सहकार्य

## ५.२ भावी सोच ( Vision)

शारीरिक, मानसिक, सामाजिक र भावनात्मक स्वस्थता सहित उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम नागरिक तयार गर्ने ।

## ५.३ ध्येय (Mission)

सङ्घ तथा प्रदेश सरकार, स्वास्थ्य सेवाप्रदायक र सरोकारवालाहरूबीच समन्वय र रणनीतिक सहकार्य गरी सबै नागरिकको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

## ५.४ लक्ष्य (Goal)

समतामूलक, न्यायसङ्गत तथा जवाफदेही स्वास्थ्य सेवा प्रणालीका माध्यमबाट नगरपालिकाका सबै नागरिकलाई गुणस्तरीय, स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरी स्वास्थ्य सेवाको उपभोगमा वृद्धि गर्ने ।

## ५.५ उद्देश्यहरू (Objectives)

क) नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारको उपभोग गर्न पाउने वातावरण सिर्जना गर्ने,

ख) सङ्घीय संरचना अनुरूप नगरपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सकनेगरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष जनशक्ति सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,

ग) स्वस्थ जीवनशैली, सरसफाइ, व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवामार्फत नगरवासीको स्वास्थ्य प्रबर्धन गर्ने,

घ) स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, व्यवस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने,

ङ) स्वास्थ्य सेवा प्रवाहमा सरकारी, गैरसरकारी तथा निजी, क्षेत्रसँग बहुपक्षीय साझेदारी तथा सहकार्य एवम् सामुदायिक सहभागिता प्रबर्धन गर्ने ।

# ६. नीति तथा रणनीतिहरु

नगरपालिकाको स्वास्थ्य अवस्था सुहाउँदो भौगोलिक, सामाजिक, सांस्कृतिक तथा स्वास्थ्य सेवाका समस्या र चुनौतीहरूलाई सम्बोधन गरी नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नगरपालिकाले देहायका नीतिहरू अवलम्बन गरेको छ :

६.१ नगरपालिकाका सबै नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिनेछ

६.२ नगरपालिकाभित्र बसोबास गर्ने सबै नागरिकहरुको विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सुनिश्चित गर्न न्यूनतम पूर्वाधार सहितको निदानात्मक सेवाको व्यवस्था तथा विस्तार गरिनेछ ।

६.३सामाजिक, सांस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरूलाई स्वास्थ्य सेवा प्रणालीमा मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ ।

६.४ स्वास्थ्य सेवालाई सहज, सर्वसुलभ र प्रभावकारी बनाउन नगरपालिकाभित्र एक आधारभूत अस्पताल तथा जनसङ्ख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था र केन्द्रहरूको व्यवस्था गरिनेछ ।

६.५ जनस्वास्थ्यको संरक्षण र प्रबर्धन गर्नका लागि प्रबर्धनात्मक , प्रतिकारात्मक, उपचारात्मक तथा पुनःस्थापनात्मक सेवाको विकास तथा विस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ ।

**६.६ किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिस्वित गर्न रुपन्तरणकारी कार्यक्रमहरु लागु गरिने छ**

६.७ स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

६.८ आयुर्वेद, होमियोप्याथी, प्राकृतिक चिकित्सा लगायत अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई समेत प्रबर्धन र व्यवस्थित गरिनेछ ।

६.९ स्वास्थ्य सेवा प्रणालीलाई सबल, सक्षम र सुदृढ बनाउन समयानुकूल प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

६.१० स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र स्वास्थ्य अनुसन्धान प्रबर्धन गर्दै सोबाट प्राप्त निष्कर्षका आधारमा स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजनालाई थप परिमार्जन गर्दै लगिनेछ ।

६.११ स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै वञ्चितिमा परेका नागरिकको स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ ।

६.१२ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

६.१३ कीटजन्य, सङ्क्रामक लगायतका रोगहरूको रोकथाम, नियन्त्रण, निवारण र महामारी नियन्त्रण तथा स्वास्थ्य संकट एव विपद् व्यवस्थापनका लागि साझेदारहरूसँगको समन्वयमा योजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६.१४ स्वास्थ्य क्षेत्रमा नगरपालिकाको लगानी वृद्धि गर्दै सङ्घ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ ।

६.१५ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्न स्वास्थ्य सेवालाई गुणस्तरीय, जनमुखी एवम् परिणाममुखी बनाउँदै लगिनेछ ।

६.१६ स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यवस्तुलाई प्रबर्धन गर्दै नगरवासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्धक पौष्टिक खानाको पहुँच र उपभोगमा वृद्धि गरिनेछ ।

६.१७ फोहरमैलाको उचित व्यवस्थापन, वातावरणीय स्वास्थ्य सरसफाइ प्रबर्धन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकूल असरहरूलाई न्यूनीकरण गर्दै लगिनेछ ।

## ७. नीति अन्तर्गतका रणनीतिहरूः

### नीति ७.१ नगरपालिकाका सबै नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिनेछ ।

७.१.१ सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाहरू प्रभावकारी रूपमा उपलब्ध गराइने छ ।

७.१.२ स्वास्थ्य सेवाको पहुँच नपुगेको क्षेत्र र जोखिममा रहेका बस्ती पहिचान तथा नक्साङ्कन गरी भूगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरू को स्तरोन्नती तथा बिस्तार गरिनेछ ।

७.१.३ नगरपालिका र स्वास्थ्य संस्थाको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवम् सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरूलाई सामंजस्यपूर्ण ढङ्गले संचालन गर्न कार्ययोजना बनाई लागू गरिनेछ ।

७.१.४ सङ्घ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्बुलेन्स सेवासहित प्रेषण प्रणाली सुदृढ गरिनेछ ।

७.१.५. सङ्घ, प्रदेशद्वारा सञ्चालित सरकारी स्वास्थ्य संस्था तथा निजी एवं गैरसरकारी स्वास्थ्य संस्थाको साझेदारी र सहकार्यमा पहुँच नपुगेको क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा लगायतका स्वास्थ्य सेवा पुऱ्याउने व्यवस्था गरिनेछ ।

७.१.६ नगरवासीको आवश्यकताको महसुस गरि घुम्ति स्वास्थ्य शिविर तथा मोवाइल स्वास्थ्य सेवा संचालन गरिने छ ।

**नीति ७.२ नगरपालिकाभित्र बसोबास गर्ने सबै नागरिकहरुको विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सुनिश्चित गर्न न्यूनतम पूर्वाधार सहितको निदानात्मक सेवाको व्यवस्था तथा विस्तार गरिनेछ ।**

७.२.१ नगरपालिका भित्रका साविकका स्वास्थ्य संस्थाहरूमा सेवाको स्तरोन्नति र सेवा विस्तार गरी निदान तथा उपचार पद्धति सुदृढ गरिनेछ ।

७.२.२ नगरपालिका अन्तर्गत सबै स्वास्थ्य संस्थाहरुमा स्तनपान कक्षको स्थापना तथा ब्यवस्थापन गरिने छ।

७.२.२ छाला रोग , स्त्री रोग तथा नसर्ने रोग , नाक, कान, घाँटी, दन्त, मानसिक र नेत्र चिकित्सा जस्ता सेवालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाइनेछ ।

७.२.३ नगरपालिका क्षेत्रभित्र समयसमयमा विशेषज्ञ सेवा सहितका स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ ।

**नीति ७.३ सामाजिक, सांस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरूलाई स्वास्थ्य सेवा प्रणालीमा मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ।**

७.३.१ सामाजिक, सांस्कृतिक तथा धार्मिक नेतृत्वलाई स्वास्थ्य प्रबर्धन गर्ने र सर्ने तथा नसर्ने रोगका बारेमा अभिमुखीकरण गर्दै लगिनेछ ।

७.३.२ सामाजिक, सांस्कृतिक तथा धार्मिक नेतृत्वलाई उनीहरूले गर्दै आएका सकारात्मक परम्परागत पद्धतिको सम्मान साथै स्वास्थ्य संस्थामा प्रेषण गर्ने क्रियाकलापलाई प्रोत्साहन गरिनेछ ।

७.३.३ धाँमी, झाँक्री, लामा, गुरु, पुजारी, मौलाना लगायतका परम्परागत सेवालाई जनस्वास्थ्य अभियानहरूमा सहभागी गराइनेछ ।

**नीति ७.४ स्वास्थ्य सेवालाई सहज, सर्वसुलभ र प्रभावकारी बनाउन नगरपालिकाभित्र एक अस्पताल तथा जनसङ्ख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था र केन्द्रहरूको व्यवस्था गरिनेछ।**

७.४.१ नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी नगरपालिकामा बिशेषज्ञ सेवा सहितको आधारभूत अस्पताल स्थापना गरिनेछ ।

७.४.२ आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन सेवा केन्द्र स्थापना गर्ने, औचित्यपूर्ण स्थानन्तरण गर्ने र तिनीहरूमा सेवाको विस्तार गर्ने व्यवस्था मिलाइनेछ ।

७.४.३ प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार, इन्टरनेट सेवा, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्डअनुसार क्रमागत रूपमा व्यवस्था गरिनेछ ।

७.४.४ प्रभावकारी स्वास्थ्य सेवा प्रबर्धनका लागि नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल घोषणा गर्ने उत्कृष्ट अभियान सुरु गरी क्रमबद्ध रूपमा विस्तार गरिनेछ ।

७.४.५ आपूर्ति व्यवस्थापन प्रणाली सुद्रीढ गरी आधारभूत औषधी, परिवार नियोजनका साधन , आकस्मिक औषधी ,खोप तथा स्वास्थ्य सामग्रीहरूको प्रभावकारी सप्लाई चेन व्यवस्थापन गरिनेछ । औषधीको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मूल्य तोक्नुका साथै नियमित अनुगमन र नियमनको व्यवस्था गरिनेछ ।

७.४.६ नगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा खानेपानी, बिजुली (वैकल्पिक व्यवस्था सहित), मापदण्ड अनुसार फोहोरमैला विसर्जन गर्ने व्यवस्था गरिनेछ ।

**नीति ७.५ जनस्वास्थ्यको संरक्षण र प्रबर्धन गर्नका लागि प्रबर्धनात्मक , प्रतिकारात्मक, उपचारात्मक तथा पुनःस्थापनात्मक सेवाको विकास तथा विस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याइने छ ।**

७.५.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष्य अनुसार नगरपालिकाका हरेक वडाहरूमा हाल सञ्चालित सुरक्षित मातृत्व, परिवार नियोजन ,बालस्वास्थ्य, पोषणसँग सम्बन्धित कार्यक्रमलाई वडा तथा स्वास्थ्य संस्थासँग समन्वय गरी प्रभावकारी रूपले सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

७.५.२विद्यालय स्वास्थ्य तथा पोषण  कार्यक्रम ( किशोरीहरुको लागी आइरन वितरण , विद्यालय पोषण– दिवाखाजा, जुकाको औषधी वितरण, स्वास्थ्य परीक्षण, किशोरकिशोरी सेवा) जस्ता प्रभावकारी सेवा सञ्चालन गरिनेछ र यी कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि विद्यालय नर्स कार्यक्रम लागू गरिनेछ ।

७.५.३   मातृ मृत्युदर, नवजात शिशु मृत्युदर र बालमृत्युदर र परिवार नियोजनको साधन प्रयोग दर जस्ता महत्त्वपूर्ण सूचांकहरुमा  आधारित लक्ष्यहरू तय गरी आवधिक कार्ययोजना तयार गरी लागू गरिनेछ ।

७.५.४   स्वास्थ्य संस्थाहरुबाट  प्रवाह हुने सेवालाई वृद्धि गरी सरसफाइ प्रबर्धन, स्वस्थ व्यवहार प्रवर्धन, तथा स्वास्थ्य प्रदर्शनीका रूपमा विस्तार गरिनेछ ।

७.५.५   प्रसूति केन्द्रहरू आवश्यकता अनुसार थप गर्दै रणनीतिक स्थानमा सञ्चालनका लागि मानवस्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसूति केन्द्रहरूमा आमाघर  तथा स्तरअनुसार नवजात शिशु कर्नरको सुविधा उपलब्ध गराइनु को साथै  राजपुर भित्र बसोबास गर्ने महिलाहरुको प्रसुति सेवाको लागि निशूल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने छ ।

७.५.६  प्रदेश सरकार तथा बिकास साझेदार को समन्वयमा नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुबाट परिवार नियोजनको ५ वटै साधनको ( कन्डम , पिल्स, डिपो , इमप्लानट र आइ यु सी डी ) सेवा निश्चित गर्दै लगिने छ  । स्थाइ बन्ध्याकरण सेवा पालिका स्तर (पालिका स्तरीय आधारभूत  अस्पताल) बाटै उपलब्ध गराइने छ।

७.५.७ नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७.५.८   सुर्तीजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानि गर्ने वस्तुहरूको उत्पादन तथा किनबेचलाई निरुत्साहित गरी यसको प्रयोगलाई सार्वजनिक संस्था र सार्वजनिक स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, बिक्री वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने कानुन बनाई कार्यान्वयन गरिनेछ ।

७.५.९ बढ्दो नैराश्य तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा विशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर सञ्चालन गरिनेछ । आत्महत्यालाई न्युनिकरण गर्न “आत्महत्याबाट बचौं र बचाऔं” भन्ने मुल नारालाई अबलम्बन गरि आत्महत्याको न्युनिकरणका उपायहरु अभियान मार्फत संचालन गरि कार्यान्वयनमा ल्याइने छ ।

७.५.१० PACKAGE OF ESSENTIAL NON COMMUNICABLE DISEASE ( PEN) कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गरिनेछ । उच्च रक्तचाप, मधुमेह , मृगौला रोग, मुटुरोग अर्बुद रोग, दम, मोटोपनाजस्ता नसर्ने रोगहरूको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकीकृत अभियान सञ्चालन गरिनेछ ।

७.५.११ स्वस्थ जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षणजस्ता स्वास्थ्य प्रबर्धनका क्रियाकलापहरू स्वास्थ्य संस्था तथा वडासँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरी सञ्चालन गरिनेछ ।

७.५.१२ जनसंख्या ब्यवस्थापनका लागी लामो अबधिका लागी प्रयोग गरिने परिवार नियोजनका अस्थाइ साधनको प्रयोग सेवा सबै स्वास्थ्य संस्थामार्फत क्रमागत रुपमा उपलब्ध गराइने छ।

७.५.१३ जेस्ठ नागरीकहरुलाई घरमा नै पुगी दिइने स्वास्थ्य सेवा तथा उपचारको कार्यक्रमलाइ थप ब्यवस्थित गर्दै लगिने छ ।

**७.६ किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिस्चित गर्न रुपन्तरणकारी कार्यक्रमहरु लागु गरिने छ**

७.६.१ बिधालय स्तरमा यौनिकता सिक्षा संचालनको लागी सिक्षकहरुको क्षमता अभिबृद्दी गर्दै लगिने छ र बृहत यैनिकता सिक्षाका लागी फोकल सिक्षक तयार गर्दै लगिने छ ।

७.६.२ बिधालय स्तरमा यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी किशोर तथा किशोरीको क्षमता अभिब्रिद्दी गर्दै लगिने छ र साथी सिक्षा कार्यक्रम लागु गर्दै लगिने छ ।

७.६.३ बिधालय स्तर तथा बिधालय भन्दा बाहिर रहेका किशोर तथा किशोरीहरुकोलागी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी साथी सिक्षा सत्र संचालन गरिने छ ।

७.६.४ बिधालय स्तरमा यौन तथा प्रजनन स्वास्थ्य अधिकार अन्तर्गतका बिषयहरुमा अतिरिक्त क्रियाकलापहरु लागु गरिने छ ।

७.६.५ वडा एबम नगर पालिका स्तरीय किशोर किशोरी संजालको गठन तथा परिचालन गरिने छ ।

सेवा प्रदायक एबम समुदायमा आधारित सामाजिक ब्यबहार परिवर्तनसम्बन्धी कार्यक्रमहरुलाई लागू गर्दै लगिने छ ।

७.६.६ सबै स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाको रुपमा बिकास गर्दै लगिने छ ।

७.६.७ अनिच्छित् गर्भाधारण बाट किशोरीलाइ बचाउनका लागी परिवार नियोजनको साधनको पहुच बढाइने छ र कानुन सम्बत गर्भपतन सेवा सबै स्वास्थ्य संस्थामा क्रमिक रुपमा लागु गर्दै लगिने छ ।

७.६.८ पारिवारिक,सामुदायिक, धार्मिक, राजनीतिक तथा संस्कारिक रुपमा मान्यजनहरुमा प्राप्त भएका अधिकार तथा प्रचलनहरुको प्रयोग बालबिबाह र लैंगीक हिंसा अन्त्यका लागी प्रयोग गर्नको लागि **सकारात्मक रुपान्तरण** अभियान संचालन गरिने छ ।

७.६.९ बाल बिबाह अन्तको लागी बेटी बचाउ कार्यक्रमलाइ प्रभाबकारी रुपमा अगाडी बढाउदै लगिने छ ।

७.६.१० महिनावारी भएका वेला छात्राहरूको विद्यालय उपस्थितिलाई निरन्तरता दिन निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाइ निरन्तरता गरिनेछ ।

७.६.११ स्वास्थ्य संस्थामा आउने महिला सेवाग्राहीहरुको लागी निःशुल्क सेनिटरी प्याड वितरणको व्यवस्था गरिनेछ।

**नीति ७.७ स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।**

७.७.१ विशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि सङ्घीय, प्रदेश सरकार एवम् शिक्षालयसँग समन्वय र सहकार्य गरिनेछ ।

७.७.३ जवाफदेहीपूर्ण एवम् प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा नगरपालिकामा कार्यरत चिकित्सक एवम् स्वास्थ्यकर्मीलाई टिकाउनका लागि प्रोत्साहित गरिनेछ ।

७.७.४ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धिका लागि सेवाकालीन तालिम, पेसागत वृत्तिविकास तथा कार्यसम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ ।

७.७.५ आवश्यकता अनुसार स्वास्थ्यकर्मीको प्राविधिक तथा व्यवस्थापकीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

७.७.६ स्वास्थ्य सेवालाई नगरपालिकाको परिवेश अनुकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी वैज्ञानिक आधारमा संगठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।

**नीति ७.८ आयुर्वेद, होमियोप्याथी, प्राकृतिक चिकित्सा लगायत अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई समेत प्रबर्धन र व्यवस्थित गरिनेछ।**

७.८.१ जडीबुटी, आयुर्वेदिक औषधी तथा स्वास्थ्यसम्बन्धी विभिन्न स्थानीय परम्परागत ज्ञान–सीप– प्रविधिका बारेमा अध्ययन गरी वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र प्रबर्धन गरिनेछ ।

७.८.२ आवश्यकता र औचित्यका आधारमा विभिन्न स्थानमा जडीबुटीको व्यावसायिक खेती, सङ्कलन एवम् भण्डारणमा निजी क्षेत्रलाई प्रोत्साहन गरीनेछ ।

७.७.३ आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको स्थापना गरिनेछ ।

७.८.४ नगरपालिकामा आयुर्वेद वैकल्पिक चिकित्सा पद्धतिको विधिलाई क्रमशः एकद्वार प्रणालीमार्फत सेवाप्रवाह गरिनेछ ।

७.८.५ नगरपालिका भित्र संचालित परम्परागत उपचार पद्धतिलाई अनुसरण गरि होमियोप्याथी तथा प्राकृतिक चिकित्सालयलाई व्यवस्थित गर्दै क्रमशःयोग, ध्यान, व्यायामको साथै प्राकृतिक चिकित्साको माध्यमबाट उपचारको व्यवस्था मिलाइने छ ।

**नीति ७.९ स्वास्थ्य सेवा प्रणालीलाई सबल, सक्षम र सुदृढ बनाउन समयानुकूल प्रविधिमैत्री बनाउँदै लगिनेछ ।**

७.९.१ हटलाइन, टेलिमेडिसिन लगायतका सेवाहरू सञ्चालन गरी सेवालाई थप प्रभावकारी बनाइनेछ ।

७.९.२ नगरपालिका क्षेत्रमा सुलभ फार्मेसी सेवा विस्तार गर्न प्रोत्साहन गरिनेछ र स्वास्थ्य संस्थाहरूमा फार्मेसी थप व्यवस्थित गरिनेछ ।

७.९.३ नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड लागू गरी सोही अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिनेछ ।

७.९.४ नगरपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरूमा इन्टरनेटको पहुँच विस्तार गरी ने छ ।

७.९.५ नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरूबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरूमा विद्युतीय अभिलेख तथा प्रतिवेदन गर्ने प्रणालीको विकास गर्दै लगिनेछ ।

**नीति ७.१०. स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र स्वास्थ्य अनुसन्धान प्रबर्धन गर्दै सोबाट प्राप्त निष्कर्षका आधारमा स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजनालाई थप परिमार्जन गर्दै लगिनेछ।**

७.१०.१ नगरपालिकाभित्र स्वास्थ्य सूचना प्रणलीलाई व्यवस्थित गर्दै लगिनेछ ।

७.१०.२ नगरपालिकाको एकीकृत स्वास्थ्य सूचना प्रणालीमा सूचनाको शुद्धता, समयबद्धता र पूर्णतामा निगरानी गरी गुणस्तरीय बनाइनेछ ।

७.१०.३ स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी लाई प्रोत्साहित गर्न उत्कृष्ट स्वास्थ्य कर्मी तथा स्वास्थ्य संस्थालाई बार्षिक रुपमा पुरस्कृत गरिनेछ ।

७.१०.४ नगरपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

७.१०.५ स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढीकरण गरी तथ्यमा आधारित योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

७.१०.६ स्वास्थ्य संस्था स्तरबाट गरिने मासिक प्रतिबेदनको गुणस्तर सुधारका लागी पालिका स्तरीय पृस्ठपोषणकर्ता तथा स्थलगत अनुशिक्षणकर्ता तयार गरिने छ।

७.१०.७ स्वास्थ्य संस्था स्तरबाट हुने सेवाको उपयोगिताको अभिलेखीकरण तथा प्रतिबेदनको नियमित गुणस्तर परिक्षण गरिने व्यवस्था गरिनेछ ।

**नीति ७.११ स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै वञ्चितिमा परेका नागरिकको स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ ।**

७.११.१ स्वास्थ्य बीमाको दायरा बढाई नगरपालिकाका सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गराइनेछ ।

७.११.२ सङ्घीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

७.११.३ अति गरिब, विपन्न तथा लोपोन्मुख समुदायहरूलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ ।

७.११.४ आधारभूत  अस्पतालबाट स्वास्थ्य बिमाको सेवा संचालन गरिने छ ।

**नीति ७.१२ सरकारी , निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ।**

७.१२.१निजी स्वास्थ्य संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य वैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवाप्रदायक संस्थाहरूका लागि कानुन, मापदण्ड, निर्देशिका बनाई सोहीअनुसार दर्ता गर्ने, सञ्चालन अनुमति दिने  तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

७.१२.२ नगरपालिकामा स्वास्थ्य प्रबर्धन, अनुगमन तथा क्षमता अभिवृद्धि जस्ता कार्यक्रम संचालन गरिनेछ ।

७.१२.३ सम्पूर्ण स्वास्थ्य संस्थाहरूको नियमन, नियमित अनुगमन, मूल्याङ्कन गर्न निर्देशिका बनाई सोही अनुसार लागू गरिनेछ ।

७.१२.४ निजी स्वास्थ्य संस्थाहरुबाट बाट प्रदान गरिने सेवाको प्रतिबेदन सम्बन्धित पालिकाको सम्बन्धित वडाको स्वास्थ्य संस्थामा गर्ने व्यवस्थालाइ अनिबार्य गराइने छ ।

७.१२.५ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रभावकारी बनाइनुका साथै सहकार्य तथा साझेदारी गर्न प्रोत्साहन गरिनेछ ।

**नीति ७.१३ कीटजन्य, सङ्क्रामक लगायतका रोगहरूको रोकथाम, नियन्त्रण,  निवारण र  महामारी नियन्त्रण तथा स्वास्थ्य संकट एव विपद् व्यवस्थापनका लागि साझेदारहरूसँगको समन्वयमा योजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।**

७.१३.१ नगरपालिकामा स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

७.१३.२ प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटनाजस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल उपचारको व्यवस्था गरिनेछ र नगरपालिका भित्रका रणनीतिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामग्री जगेडाका रूपमा राखिनेछ ।

७.१३.३ नगरपालिका तथा वडास्तरीय द्रुत प्रतिकार्य टोली तथा अन्य उद्धार टोलीसँग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरिनेछ ।

७.१३.४ आकस्मिक स्वास्थ्य अवस्थामा परी सङ्कटमा रहेका गर्भवती, सुत्केरी, अपाँग, दिर्घ रोगी, जेस्ठ नागरिक, किशोर किशोरी  को प्रभावकारी प्रेषणको माध्यमबाट सेवा प्रवाह गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

७.१३.५ सङ्क्रामक रोगहरूको रोकथाम, नियन्त्रण र निवारण गर्ने सम्बन्धी कार्यक्रम कार्यान्विनयनको अनुगमन गरी सोको प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

७.१३.६ समयमै रोगको पहिचान गर्न नियमित तथा विशेष शिविरहरूमार्फत स्वास्थ्य संस्थाहरूमा स्क्रिनिङ सेवाहरू सञ्चालन गरिनेछ ।

७.१३.७ खोपबाट गर्न सकिने रोगहरूको रोकथाम नियन्त्रण तथा निवारणका लागि निगरानी कार्य  गरी नगरपालिकालाई पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७.१३.८ सर्पदंश, रेबिज लगायत किटजन्य रोगहरु जस्तै मलेरिया, डेंगु, कालाजार, हात्तिपाइले, स्क्रब टाइफस, आदी रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि सेवा विस्तार गरिनेछ ।

**नीति ७.१४ स्वास्थ्य क्षेत्रमा नगरपालिकाको लगानी वृद्धि गर्दै सङ्घ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ।**

७.१४.१ नगरपालिकाको कुल बजेटको कम्तीमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गरी सो बजेटमा क्रमशः वृद्धि गरिनेछ ।

७.१४.२ अपाङ्गहरूका लागि आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था तथा सहयोगी सामग्रीको व्यवस्था मिलाइनेछ ।

७.१४.३.प्रेषण प्रणालीलाई व्यवस्थित बनाई उपचारका लागि अन्यत्र प्रेषण भएका बिरामीहरूको सहजीकरण र व्यवस्थापन गरिनेछ ।

७.१४.४ लैङ्गिक हिंसामा परेका, बेवारिसे, ज्येष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भई सडकमै रहेका असहाय व्यक्तिहरूलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवमं हेरचाहका लागि निजी–सरकारी सहकार्यमा नगरपालिका पुनःस्थापना केन्द्र स्थापना एवम् सञ्चालन गरिनेछ ।

**नीति ७.१५ स्वास्थ्य क्षेत्रमा सुशासन सम्पूर्ण कायम गर्न स्वास्थ्य सेवालाई गुणस्तरीय, जनमुखी एवम् परिणाममुखी बनाउँदै लगिनेछ ।**

७.१५.१ स्वास्थ्य सेवाप्रदायक व्यक्ति र संस्थाहरूको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई नगरपालिकाभरि प्रभावकारी रूपमा लागू गरिनेछ ।

७.१५.२ स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहीन कार्यलाई निरुत्साहित गरिनेछ । स्वास्थ्यकर्मीलाई आफ्नो काम, कर्तव्यप्रति जवाफदेही बनाइनेछ ।

७.१५.३.स्वास्थ्य सुशासन कायम गर्नका लागि सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ नागरिक बडापत्रको व्यवस्था गरिनुका साथै सेवाप्रवाहमा सेवाग्राहीहरूको गुनासो तथा पृष्ठपोषण सङ्कलन गरी सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ ।

७.१५.४ स्वास्थ्यसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था तथा दातृनिकायहरूलाई जनतामुखी र परिणाममुखी कार्य गर्नका लागि उत्प्रेरित गरिनेछ ।

७.१५.५नगरपालिकाभित्रका नागरिकलाई स्वास्थ्यसम्बन्धी सूचनाको हक तथा सेवाग्राहीले उपचारसम्बन्धी जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा सञ्चार कार्यलाई प्रभावकारी कार्यान्वियन गरिनेछ ।

७.१५.६ स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरी सशक्त एवम् जिम्मेवार बनाई सेवा सुदृढ गरिनेछ ।

७.१५.७स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिहरु लाई समय सापेक्ष तालिमको ब्यबस्था मिलाईने छ र स्वास्थ्य सेवामा स्वास्थ्य कर्मीको ब्यबसायिक जोखिमलाई मध्यनजर गरी थप सुविधा प्रदान गरीने छ ।

**नीति ७.१६ स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यवस्तुलाई प्रबर्धन गर्दै नगरवासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा वृद्धि गरिनेछ।**

७.१६.१ खाद्य विविधीकरणमा जोड दिँदै स्थानीय तहसँग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा पत्रु खानालाई निरुत्साहित गर्नेसम्बन्धी कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनेछ ।

७.१६.२ अर्गानिक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरितगृह तथा प्रत्येक परिवारमा सुधारिएको करेसाबारी निर्माण गर्न र खानामा विविधीकरण गरी उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

७.१६.३ पोषणयुक्त बालपौष्टिक आहार, दिवाखाजा लगायतका अन्य खाद्यपदार्थ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाइनेछ ।

७.१६.४वडा समितिहरूसँग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्त्वयुक्त खाद्यपदार्थ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्यपदार्थ प्रशोधन तथा बजारीकरणका लागि साना किसान र व्यवसायी अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

७.१६.५बहुक्षेत्रीय पोषण कार्यक्रम, एकीकृत शीघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवम् प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरूसँगको सहकार्यमा पोषण पुनःस्थापना केन्द्रहरू स्थापना गरिनेछ ।

७.१६.६ स्थानीय बजारमा खाद्यपदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दूध उत्पादन बिक्रीवितरणका लागि नियमन गरिनेछ । कुनै पनि तयारी खानेकुराहरूमा अनिवार्य लेवलिङको व्यवस्था गरिनेछ ।

**नीति १७ फोहरमैलाको उचित व्यवस्थापन, वातावरणीय स्वास्थ्य सरसफाइ प्रबर्धन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकूल असरहरूलाई न्यूनीकरण गर्दै लगिनेछ।**

७.१७.१ नगरपालिका भित्र समुदाय, स्वास्थ्य संस्थाहरु तथा सबै विद्यालयहरूमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।

७.१७.२ समुदायमा वितरण गरिएको खानेपानी तथा स्वास्थ्य संस्थामा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिनेछ ।

७.१७.३ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन गरिनेछ ।

७.१७.४ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी वातावरणमा हुने धुलो धुवाँ प्रदुषण नियन्त्रण प्रणाली लागु गरिनेछ ।

७.१७.५ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी खुला दिसामुक्त नगरपालिकाबाट पूर्ण सरसफाइयुक्त नगरपालिका बनाइनेछ र सोको दिगोपनाको रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।

७.१७.६नगरपालिकाभित्र खानेपानी, हावा, ध्वनिको प्रदुषणको अवस्था तथा गुणस्तरको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरिनेछ ।

७.१७.७ जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानिबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरूसँग समन्वय गरी स्वास्थ्य सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ

७.१७.८ स्वास्थ्य संस्थाजन्य फोहोरको व्यवस्थापन तथा विसर्जनसम्बन्धी मापदण्ड बनाई नगरपालिका स्तरमा प्रभावकारी रूपमा लागू गरिनेछ ।

७.१७.९जनसाङ्ख्यिक स्थिति र वितरणका आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

## ८ .संस्थागत व्यवस्था

८.१ नीति कार्यान्वयनका लागि नेपालको संविधान र सङ्घीय संरचना अनुरूप यस नीतिले परिकल्पना गरे अनुसार नगरपालिकाको स्वास्थ्य संरचनालाई नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वयमा नगरपालिका स्तरीमा स्वास्थ्य प्रणालीको विकास र विस्तार गरिनेछ ।

८.२ नगरकार्यपालिका नेतृत्वमा नगरस्तरमा सामाजिक बिकास समिति , गुणस्तर सुधार समिती , स्वास्थ्य शाखा, द्रुत प्रतिकार्य टोली , स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति तथा आबस्यकता अनुसारका अन्य समिति वा उप समिति वा कार्यदल रहनेछन भने स्वास्थ्य सेवाप्रदायकका रूपमा विभिन्न निजि ,सरकारी , गैरसरकारी तथा सामुदायीक स्वास्थ्य संस्थाहरू हुनेछन् ।

८.३ नीतिले परिकल्पना गरे अनुसार स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु नीतिगत र कानुनी मर्यादा भित्र रही लागू गरिनेछ ।

८.४ नीतिको विस्तृत कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

८.५ मानव संसाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोकसेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरूसँग समन्वय गरी संस्थागत क्षमता सुदृढ गरिनेछ ।

## ९.वित्तीय व्यवस्थापन

**९.१ नगरस्तरीय आधारभूत स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको वित्तिय व्यवस्थापन अवलम्बन गरिने छ :**

९.१.१ संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट विनियोजित बजेट ।

९.१.२ निजी, गैरसरकारी तथा साझेदार संस्थाबाट प्राप्त सहयोग ।

९.२ यस नीतिमा रहेका उद्देश्यहरू हासिल गर्न नगरपालिकाका सबै शाखाहरूको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्य क्षेत्र सुधारको अवधारणालाइ प्राथमिकता दिइने छ। नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरू सम्बोधन गराउन पहल

गरिनेछ । यस नीतिको प्राथमिकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू, संयुक्त राष्ट्र सङ्घीय निकायहरू, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक स्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## १०. अनुगमन र मूल्याङ्कन

यस नीति कार्यान्वयनका क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्याङ्कन गर्ने दायित्व नगरपालिकाको हुनेछ । यसका लागि सामाजिक विकास समिति, स्वास्थ्य अनुगमन, मुल्यॉंकन, सुपेरिवेक्षण तथा गुणस्तर शुनिश्चिता समिति, स्वास्थ्य समिति, स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिहरुको संस्थागत क्षमता अभिबृदि गरिने छ । पालिका स्तर , स्वास्थ्य संस्था स्तर देखी समुदाय स्तर सम्म संचालन हुने सेवा तथा कार्यक्रमहरुको प्राविधिक तथा व्यवस्थापकीय अनुगमन, मूल्याङ्कन तथा सहयोगी सुपेरीवेक्षण गरिने छ।

राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको नतिजामा आधारित अनुगमन मूल्याङ्कन ढाँचा तथा नेपाल सरकारले कार्यान्वयनमा ल्याएको अनुगमन तथा मूल्याङ्कन प्रणाली समेतलाई मध्यनजर गरी नगरपालिकाले वडा समितिहरू एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामूलक अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण प्रणालीको विकास गर्नेछ । स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाउन उपयुक्त संयन्त्र निर्माण गरी अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण प्रणालीलाई नियमित, प्रभावकारी र सहज बनाइनेछ । कम्तिमा प्रत्येक दुई वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

नेपाल सरकार, प्रदेश सरकार तथा जिल्ला स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिवाट नगरपालिकाले गरेका समग्र स्वास्थ्य अवस्थाको बारेमा अनुगमन, मुल्यॉंकन तथा सुपरिवेक्षण गरि आवश्यक पृष्ठपोषण तथा निर्देशन गर्न सक्नेछ ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि स्वास्थ्य रणनीति, योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयनमा लगिनेछ । स्वास्थ्यसँग सम्बन्धित कानुन तथा अन्तर्राष्ट्रियस्तरमा नेपालले गरेका प्रतिबद्धताको अधीनमा रही यस नीति कार्यान्वयनको कार्ययोजना बनाइने छ । यही कार्ययोजना अनुसार वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण गरि कार्यान्वयन गरिनेछ । वार्षिक रूपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## १२. जोखिम

मौलिक अधिकारका रूपमा स्थापित भएको आधारभूत स्वास्थ्य सेवालाई सुदृढ एवम् सक्षम स्वास्थ्य प्रणाली मार्फत समतामूलक गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक पर्ने स्रोत, साधनको व्यवस्थापन एवं समन्वय हुन नसकेमा कार्यान्वयनमा कठिनाइ भई यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरू प्राप्तिमा जोखिम हुन सक्ने सम्भावना रहेको छ ।